म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३९ आइतबार, ४ साउन २०८२ ने. सं. ११४५ दिल्लागा 20 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रतिमा अर्यालको गीत सार्वजनिक

हेटौंडा, ३ साउन/कँठि भाकामा चर्चित गायिका प्रतिमा अर्यालले नयाँ तीजगीत 'दामी देखिन्छौ' सार्वजनिक गरेकी छिन् । गायिका अर्यालले आफ्नै युट्युब च्यानलमार्फत् गीत सार्वजनिक गरेकी हुन् । गीतमा नमराज पाण्डेको शब्द, संगीत र स्वर रहेको छ भने महेन्द्र भण्डारीले संगीत संयोजन गरेका छन् । अर्याल र पाण्डेको युगलस्वरमा रहेको यो गीत तीजको परिवर्तित सामाजिक सन्दर्भमा आधारित छ । भिडियोको निर्देशन र कोरियोग्राफी 'शंकर विसी'ले गरेका छन् । लोसिना लामिछाने, मनोहर श्रेष्ठ र शंकर विसी स्वयंलाई फिचर गरिएको भिडियोको सिनेम्याटोग्राफी राजेश घिमिरेले र सम्पादन नवीन घर्तीमगरले गरेका हुन् । ६ सयभन्दा बढी गीतमा आवाज दिएकी गायिका अर्याल कँठि भाकामा स्थापित नाम हुन् । 'ओए गनगन', 'घारमा मौरी', 'सान्नानी', 'गैरी पीपल', 'रुपै रैछ मोहनी लाउने' जस्ता लोकप्रिय गीतपछि उनले 'दामी देखिन्छौ' मार्फत् फरक स्वाद पस्किएकी हुन् । अर्यालका अनुसार यो गीत विवाहित महिलाको दृष्टिकोणबाट गाइएको हो, जसले आफ्नो टाढा रहेका जीवनसाथीप्रति भावनात्मक नजिकपन महसुस गराउने प्रयास गर्छ ।

### सीडीओ र एसपीविरुद्ध आन्दोलन गर्दै हेटौंडाका जनप्रतिनिधि

# सुरक्षाअवस्था इतिहासकै सबैभन्दा कमजोर: न्यौपाने

साझाकुरा संवाददाता




हेटौंडा, ३ साउन/ हेटौंडा उपमहानगरका जनप्रतिनिधिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी र प्रहरीप्रमुख विरुद्ध आन्दोलन गर्ने भएका छन् ।

हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेमाथि आक्रमण भएको एक महिना वितिसक्दा पनि आक्रमणकारीलाई अझै पक्रन नसकेपछि जनप्रतिनिधि आन्दोलित हुने अवस्था सृजना भएको हो । उनीहरुले आइतबारबाट जिल्ला प्रशासन कार्यालय मकवानपुरमा टेवल राखेर सेवाप्रवाह गरी आन्दोलनको सुरुवात गर्ने भएका हुन् । वडामा काम गरिरहेको अवस्थामा न्यौपाने माथि असार ४ गते दिउँसो करिब पौने ४ बजेको समयमा आक्रमण भएको थियो । घटना भएको एक महिनासम्म पनि प्रहरी-प्रशासनले कसैलाई पनि पक्राउ नगरेपछि जनप्रतिनिधि आन्दोलित हुने भएका हुन् ।

हेटौंडा उपमहानगरका वडाअध्यक्षहरुले दुईदिन जिल्ला प्रशासन कार्यालय परिसरभित्र टेवल राखेर सेवा प्रदान गर्ने र त्यसपश्चात् थप आन्दोलनको घोषणा गर्ने भएका हुन् । 'वडा अध्यक्षमाथि आक्रमण भएको एक महिना भैसक्दा पनि आक्रमणकारीलाई पक्राउ गर्न नसक्नु मकवानपुरको प्रहरी प्रशासनको लाचारीपन हो', हेटौंडा-१६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइरालाले भने, 'जनप्रतिनिधि त सुरक्षित छैनन् भने यस्तो प्रहरी प्रशासनबाट जनताले के अपेक्षा राख्ने ?' वडाअध्यक्षमाथि आक्रमणको घटना भएको एक महिना बितिसक्दा पनि प्रहरीले कसैलाई पक्राउ गर्न नसकेपछि जिल्लाको सुरक्षा अवस्था ज्यादै कमजोर भएको भन्दै विरोध भइरहेको छ ।

वडाअध्यक्ष न्यौपानेमाथि आक्रमण हुनुअघि हेटौंडा-१० राप्तीरोडमा रहेको दास ईम्पोरियम कपडा पसलका सञ्चालक विन्दल दासमाथि आक्रमण भएको थियो । यस विषयमा हेटौंडा उपमहानगरका मेयर, उपमेयरसहित वडा अध्यक्षहरु र जिल्लाका राजनीतिक दलले आक्रमण गर्नेलाई कानूनी कारबाहीमा ल्याउनुपर्ने माग गरेका थिए । प्रहरीले वडाअध्यक्ष न्यौपानेमाथि आक्रमण गर्नेको खोजीकार्य गर्न छोडेको आरोप लागेको छ । प्रहरीले आक्रमणकारी पक्राउ नगर्दा अन्य जनप्रतिनिधिले समेत खतरा महसुश गर्न थालेको प्रतिक्रिया दिएका छन् । हेटौंडा-१ का वडाअध्यक्ष न्यौपानेले मकवानपुरको सुरक्षाअवस्था इतिहासकै सवैभन्दा कमजोर रहेको बताएका छन् ।

न्यौपानेले आफूमाथि आक्रमण गर्नेलाई प्रहरी-प्रशासनले कारबाहीको दायरामा ल्याउने विश्वास लिएपनि एक महिना बित्दा पनि कोही पक्राउ नपरेसँगै उनले यस्तो प्रतिक्रिया दिएका हुन् । 'जिल्लाका प्रहरी र प्रशासक निकम्मा देखियो । हामी जनप्रतिनिधिले एक महिनासम्म समय दिंदा पनि प्रहरी र प्रशासनले कुनै नतीजा दिएनन् । यस्तो अवस्थामा जनताले शान्ति सुरक्षाको अनुभूति गर्न सक्दैनन् । यो प्रहरी र प्रशासनको अकर्मण्यता हो', उनले भने । 'घटना भएको एक महिना भैसकेको छ ।

एकहप्ता भित्र आक्रमणकारीलाई कानूनी दायरामा ल्याउने वचन प्राप्त भएको थियो । मैले आजसम्म कुनै जवाफ पाएको छैन', न्यौपानेले भने, 'मकवानपुरमा जनप्रतिनिधिले त न्याय पाउँदैन भने जनताको अवस्था के होला ?' हेटौंडा उपमहानगरपालिकाको कार्यालयसहित जिल्लाका राजनीतिक दलको साथ र सहयोग हुँदा पनि प्रहरी प्रशासनले नतिजा दिन नसक्नु दुःखद् भएको उनले बताए । आफूमाथि आक्रमण गर्नेहरु अब पक्राउ पर्ला र कानूनी कारबाहीको दायरामा आउला भन्ने विश्वास नभएको न्यौपानेको प्रतिक्रिया छ ।

जिल्ला प्रहरीप्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्का र प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले आफूहरुले काम गरिरहेको पटकपटक बताएपनि आफूलाई विश्वास लाग्न छाडेको वडाअध्यक्ष न्यौपानेले बताए । 'काम गरेको भए सफलता हात परिहाल्थ्यो नि । कामै गरेको होइन रैछ भन्ने त प्रमाणित भएको छ ?', उनले भने ।









साझाकुरा

## हाम्रो कुरा

# नेता गुहार्ने शैली

हेटौंडा सिमेन्ट उद्योगको अवस्था दयनीय बन्दै गएपछि उद्योगका कामदार कर्मचारी प्रचण्ड गुहार्दै काठमाडौं पुगेका छन् । दिनप्रतिदिन उद्योग धरासायी बन्दै गएका कारण उद्योगको समस्या समाधानको पहल गर्न माग गर्दै कामदार कर्मचारी नेताको घरदैलोमा पुगेका हुन् । सरकारको स्वामित्वको उद्योग निरन्तर संचालन गर्न सकेको खण्डमा निजी क्षेत्रका सिमेन्ट उद्योगले सिमेन्टको मूल्यमा एकाधिकार जमाने सम्भावना रहँदैन । बजारमूल्य निर्धारणका लागि पनि सरकारले हेटौंडा सिमेन्ट उद्योग संचालन गर्नै पर्छ । हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा सक्रिय संयुक्त ट्रेड युनियनका प्रतिनिधिले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा भेट गरी उद्योगका समस्या र माग समेटिएको ध्यानाकर्षणपत्र बुझाएका छन् । उद्योग नियमित रुपमा चल्न नसक्दा कामदार कर्मचारीले समयमा तलब खान पाएका छैनन् । अध्यक्ष प्रचण्डसँगको भेटमा ट्रेड युनियनका प्रतिनिधिले उद्योग सञ्चालनमा चरम लापरवाही भएको, कर्मचारीका मागहरु बेवास्ता गरिएको र उपभोक्ताको हितविपरीत क्रियाकलाप भइरहेको उल्लेख गर्दै यस्ता गतिविधि रोक्न, उद्योग घाटारहित सञ्चालन गर्न आग्रह गरे ।

अध्यक्ष प्रचण्डले आफ्नो प्रधानमन्त्रीकालमा घाटामा गएका र रुग्ण उद्योगहरु सञ्चालनमा ल्याउन सिंहदरबारमा सरोकारवालाको पटकपटक बैठक बसालेको स्मरण गर्दै हेटौंडा सिमेन्ट उद्योगमा देखिएका समस्या समाधान गर्न र ट्रेड युनियनका माग सम्बोधन गर्न प्रतिपक्षी दलको नेताको हैसियतले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । सरकारी स्वामित्वका उद्योग, कलकारखाना ठप्प पार्ने र निजीक्षेत्रका ब्यवसायीलाई सुम्पने खेल हेटौंडा सिमेन्ट उद्योगमा पनि सल्किएको छ । पुन गुल्जार हुने पर्खाइमा रहेको हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो । उद्योगसँग पैसा नभएकै कारण कोइला किन्न नसक्नु र पुराना मेसिननरी, उपकरण बारम्बार बिग्रिरहने कारण नियमित उद्योग चलाउन सकिएको छैन । उद्योग पूर्णक्षमतामा सञ्चालन गर्न हेटौंडा सिमेन्टले सरकारसँग १ अर्ब ९ करोड रुपैयाँ मागेको थियो । तर, सरकारले उद्योगको मागलाई पत्याएन । बरु, उल्टै निजीकरण गर्ने सूचीमा हालिदियो । हेटौंडा सिमेन्टले आव २०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो । आव २०७५/७६ मा यो उद्योग १ करोड ५ लाख घाटामा गयो । आव २०७५/७६ मा २० लाख ८६ हजार ६ सय ६७ बोरा सिमेन्ट बेचेको उद्योगले १ अर्ब ६४ करोड आम्दानी गरेपनि १ अर्ब ६५ करोड खर्च गरेको थियो । त्यसैगरी २०७६/७७ मा उद्योगले १४ लाख ५५ हजार ९ सय ६ बोरा सिमेन्ट बेचे पनि २३ करोड ८२ लाख रुपैयाँ घाटामा गयो । २०७७/७८ मा १८ लाख ५३ हजार ७ सय ६४ बोरा सिमेन्ट बेच्दा पनि १७ करोड ४ लाख घाटा बेहोरेको हो । २०७८/७९ मा १० करोड ६९ लाख घाटा बेहोर्दा १६ लाख १३ हजार ९ सय ६४ बोरा सिमेन्ट बेचेको थियो ।

हेटौंडा सिमेन्ट उद्योगले २०७९/८० मा साढे २५ करोड रुपैयाँ घाटा बेहोरेको थियो । त्यसबेला सवा ९ लाख बोरा मात्र सिमेन्ट उत्पादन गरेको थियो । गत आव २०८०/८१ मा उद्योगले सवा ६ लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । ओरालो यात्रा सुरु भएको हेटौंडा सिमेन्ट उद्योग पूर्णक्षमतामा चलाउने दाबी उद्योगका अधिकारीहरुले गरिरहेका छन् । हाल लोडसेडिङले गर्दा पनि उद्योग सञ्चालनमा ल्याउन नसकिएको दाबी छ । अहिले बिहान र बेलुका गरेर ४/४ घण्टा उद्योगमा बत्ती काटिएको बताइएको छ । समयमै विद्युत महशुल तिरेको भए प्राधिकरणले लाइन काट्ने थिएन । बत्तीको व्यवस्था भयो भने उत्पादन सुरु गर्ने योजनामा रहेको उद्योग प्रशासनले जनाएको छ । लामो समयदेखि उद्योग बन्द हुनुको कारण लोडसेडिङ मात्रै होइन, उद्योग सञ्चालनमा अन्य धेरै समस्या छन् । उद्योगका उपकरण पनि मर्मत भएका छैनन् । आर्थिक समस्याका कारण पनि उद्योग सञ्चालन गर्न नसकिएको हो । अहिले उत्पादन ठप्प छ, नियमित खर्च पनि उठिरहेको छैन । तीन महिनादेखि कर्मचारीको तलबभत्ता दिन सकेको छैन । व्यवस्थापकीय कमजोरीका कारण उद्योग बन्द भएको निष्कर्षमा पुगेको सरकारले पैसा दिने निर्णय हालसम्म गरेको छैन । जसरी भए पनि सरकारले उद्योग चलाउन भनेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ५ गते सोमबार २१ जुलाई २०२५ । एकादशी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२२, सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# श्वास नै मानिसको जीवनको आधार



✍ प्रेम रावत

हामीले कुनै मानिसलाई देख्दा या ऐनामा आफ्नो अनुहार हेर्दा एउटा कुराको हेक्का राख्नुहोला । हाम्रो आँखाले देख्न नसक्ने एउटा चिज पनि छ- त्यो हो यो श्वास । मानौं एउटा हवाईजहाजमा तीनजना मानिस बसेका छन् । यदि बीचको मानिसले श्वास लिनै छोड्यो भने त्यहाँ दुईछेउमा बसेका मानिसहरू त्यहाँबाट उठ्ने कोशिश गर्नेछन् । यस्तै हुन्छ । एकजना धनाढ्य मानिस छ । उसको कपाल छ, आँखा छन् । नाक छ । सबै कुरा छ तर यदि उसको श्वासै चलिरहेको छैन भने उसलाई खाटमा होइन, भुइँमा सुताइदिन्छन् । त्यसपछि उसको अन्त्येष्टि गरिन्छ, किनभने त्यो शरीर अब काम नलाग्ने भइसक्यो । काम गरिरहेको शरीरको समय अब समाप्त भयो ।

यो श्वास सानोतिनो चिज होइन तर यसलाई हामी देख्न सक्दैनौं । यो आउँछ, जान्छ तर हामी यसको महत्त्व नै बुझ्दैनौं । यो छँदै छैन जस्तो ठान्छौं ! तथापि, यसको असर एकदमै धेरै छ । यो श्वासले हरेकको जीवनमा एउटा उपहार लिएर आउँछ । यो त सृष्टिकर्ताले दिएको एउटा उपहार हो । उनको आशीर्वादस्वरूप यो हरेक मानिसलाई प्राप्त भएको छ ।

यो प्रकृतिमा तीनवटा कानुन छन् । तपाईं जन्मनुभयो, तपाईं जीवित हुनुहुन्छ अनि एकदिन तपाईंले जानुपर्नेछ । एकदमै खराब भए पनि अथवा एकदमै असल भए पनि सबैमा यी तीनवटा कानुन लागू हुन्छन् । तपाईं यस संसारमा आउँदा श्वास लिइरहनुभएको थिएन । तपाईंले पहिलो श्वास लिनुभयो । त्यसपछि तपाईं यहाँबाट बिदा नहुन्जेलम्म लिइरहनुहुनेछ । यो क्रम रोकिनासाथ तपाईं पनि जानुहुनेछ । यो त कस्तो चिज हो भने, यदि तपाईंले यसलाई रोक्ने कोशिश गर्नुभयो भने पनि यो रोकिनेवाला छैन । यदि रोकेर बस्नुभयो भने तपाईं बेहोस हुनुहुनेछ अनि फेरि यो श्वास स्वत: चल्न थाल्नेछ । यदि तपाईंले छिटोछिटो यो श्वास लिने कोशिश गर्नुभयो भने यो शरीरमा चाहिनेभन्दा धेरै अक्सिजन पुग्छ । यसबाट पनि फेरि तपाईं बेहोस हुन सक्नुहुन्छ । त्यसपछि पनि यो श्वास सामान्यरूपले चल्न थाल्नेछ ।

सत्य के हो ! सत्य सोच्ने चिज होइन, अनुभव गर्ने चिज हो । यदि कसैले मलाई 'तपाईं के खान चाहनुहुन्छ' भनेर सोध्यो भने मैले पहिल्यै खाइसकेको र मलाई एकदमै मन परेको खानेकुराका बारेमा सोच्छु । पहिला कहिल्यै नखाएको, नामै थाहा नभएको खाद्यवस्तुका बारेमा त सोचिँदैन । कहिल्यै चाखेकै छैन, त्यसको स्वादै थाहा छैन भने त्यसका बारेमा त सोच्नै सकिँदैन नि । सत्य पनि यस्तै कुरा हो । हामी त सत्यलाई परिभाषित गर्ने कुरामै भुल्छौं । किनभने, हामी हरेक चिजमा परिभाषा खोज्छौं अनि हामीलाई यसरी नै बुझ्ने कुरामा बानी परेको छ ।

कुनै गुप्तचरले म्याग्निफाइङ (कुनै चिजलाई ठूलो बनाउने) सिसाका माध्यमबाट 'कुन वस्तु के हो' भनेर हेरेजसरी हामी पनि त्यस वस्तुलाई चिन्ने प्रयत्न गर्छौं । तर, सत्य त्यसरी म्याग्निफाइङ सिसाका माध्यमबाट देख्न सकिने चिज होइन । त्यसको अनुभव गर्नुपर्छ । तिर्खालुले पानी पिएपछि प्राप्त गरेको सन्तुष्टिको अनुभव गरेजसरी नै यो अनुभव तपाईं कसैलाई दिन सक्नुहुन्न । यदि यस्तो हुँदो हो त मानिसले पानी पिइरहनुपर्ने आवश्यकता नै हुने थिएन । पानी पिएपछि मात्रै तिर्खा मेटिएको अनुभव हुन्छ । सत्य पनि त्यस्तै कुरा हो ।

आजकल मानिसहरूमा 'मेरो जीवनमा किन यति धेरै समस्या छन्, म यति धेरै व्यस्त किन भएको होला' भन्ने कुरा जान्ने चाहना हुन्छ । हामी सबै व्यस्त नै छौं । सबै व्यस्त हुन्छौं । यो रोग त हामीमा निकै पहिलादेखि नै लागेको हो । यति हुँदाहुँदै पनि कोही आनन्द लिने कुरामा व्यस्त छ भने कोही रुने-कराउने कुरामा व्यस्त हुन्छ ।

तपाईं आफ्नो जीवनमा के चाहनुहुन्छ ? हुन त तपाईं आफ्ना मातापितालाई खुशी पार्न चाहनुहुन्छ या कोही अरू व्यक्तिलाई खुशी पार्न चाहनुहुन्छ । यद्यपि, तपाईंले म स्वयंलाई खुशी पार्न चाहन्छु भन्नुभयो भने यो कुराचाहिँ सम्भव हुन्छ । तर, यसका लागि के गर्नुपर्छ ? तपाईंले आफ्नो आँखा खोल्नु आवश्यक छ । बन्द गर्ने होइन, खोल्नुपर्छ । तपाईंभित्र भएको चिजका लागि तपाईंलाई कुनै निर्देशन पुस्तिका (इन्स्ट्रक्सन म्यान्युल) को आवश्यक हुँदैन । तपाईं बुझ्न सक्नुहुन्छ, तपाईं चिन्न सक्नुहुन्छ अनि पहिचान गर्न सक्नुहुन्छ । आफ्नो जीवनलाई सफल बनाउन सक्नुहुन्छ । सम्पूर्ण मानिसमा यो क्षमता हुन्छ । तपाईंले याद गर्नुपर्ने कुरा भनेकै तपाईंका लागि त्यो कानुन फेरिएको छैन । तपाईंमा अहिले पनि प्रकृतिका तीन कानुन लागू नै छन् । यदि तपाईंले ती कानुनहरूलाई बिर्सनुभयो भने पनि कृपया के नभुल्नुहोला भने, श्वास नै मानिसको जीवनको आधार हो ।

मानिसको वास्तविक क्षमता नै आफूले आफैलाई चिन्ने, आफ्नो फदयलाई शान्तिले भरिपूर्ण तुल्याउने हो । यदि तपाईं आफ्नो जीवनमा कुनै पनि कारणले असफल हुनुभएको छ भने, त्यो असफलतालाई कहिल्यै पनि स्वीकार नगर्नुहोस् । तपाईं बाल्यकालमा तातेताते गर्नका लागि कोशिश गरिरहँदा कैयौंपटक हिँड्ने प्रयास गर्दै उठ्नुहुन्थ्यो अनि लडिहाल्नुहुन्थ्यो । तर, तपाईंले हिँड्न नसिकुन्जेलसम्म त्यो असफलतालाई पटक्कै स्वीकार गर्नुभएन । फलत: तपाईंले हिँड्न सिक्नुभयो । आफूमाथि विश्वास राखेर आफ्नै क्षमताको सहाराले अघि बढ्ने मानिसलाई अवश्य पनि सफलता प्राप्त हुन्छ ।

हामीभित्र श्वास आइरहेको कारणले नै यो सामर्थ्य पनि छ । अर्थात्, हामी जीवित छौं । यो कुरालाई सामान्य नठान्नुहोस् । सबैभन्दा महत्त्वपूर्ण कुरा त के हो भने, वास्तवमा जीवित हुनाले नै मानिसमा क्षमता छ । तपाईंलाई यो वास्तविकता बोध भएपछि तपाईं कति शक्तिशाली हुनुहुन्छ र तपाईंको साँचो क्षमता के हो भन्ने कुरा थाहा हुनेछ । तपाईंलाई सृष्टिकर्ताले उपहार का रूपमा त्यो क्षमता दिएका छन् । एकपटक एकजना राजाले आफ्ना मालीलाई बोलाएर भनेछन्, 'पहाडमाथिको मेरो महलमा एउटा एकदमै सुन्दर बगैँचाको निर्माण गरिदेऊ ।'

राजाको आदेशलाई मानेर माली बगैँचाको निर्माणतफ जुटे । पहाडको फेदमा एउटा नदी थियो । ती माली दुईवटा ठूला-ठूला गाग्रालाई काँधमा अघि-पछि पारेर बोक्दै हरेक दिन तल नदीमा पानी भर्न जान्थे । अनि, बल्लतल्ल महलसम्म पुगेर आफूले तयार पारेको बगैँचामा पानी लगाउने गर्थे । निकै समय यही क्रमअनुसार बित्दै गयो । एकदिन दुईवटा गाग्रामध्ये पछाडितिरको गाग्रो कुनै चीजसँग ठोक्किएर त्यसमा प्वाल पर्न पुग्यो । सधैं ती माली पहाडबाट तल झर्थे । दुवै गाग्रामा पानी भर्दथे । उनी महलसम्म आइपुग्दा अगाडिको गाग्रोमा त पानी भरी नै हुन्थ्यो तर पछाडिको गाग्रो भने चुहिएर रित्तो भइसक्थ्यो ।

एकदिन अगाडिको गाग्रोले पछाडिको गाग्रोलाई भन्यो, 'तिमी त अब कुनै कामका लागि लायक नै छैनौ । तिमी त प्वाल परिसक्यौ । मेरो कारणले राजाको बगैँचा यति धेरै हराभरा भएको छ, किनभने मैले मात्रै पानीलाई यहाँसम्म ल्याइपुर्‍याउँछु । तिमी त यहाँसम्म आइपुग्दा एक थोपा पनि पानी बाँकी रहँदैन । अब तिमी बेकम्मा भइसक्यौ ।'

पछाडिको गाग्रोले आफू कुनै कामको लायक नरहेको भन्ने लाञ्छना सुनेपछि उसलाई अत्यन्तै दु:ख लाग्यो । अर्को दिन माली आए । दुवै गाग्रातिर नजर लगाए । उनलाई पछाडितिरको गाग्रो निकै उदास भएको महसुस भयो । त्यसपछि मालीले सोधे- 'तिमीलाई के भयो, किन उदास छौ ?' अनि त्यो गाग्रोले भन्यो, 'अगाडिको गाग्रोले त म अब कुनै कामको लायक नै छैन रे भन्छ ! तपाईं बिहान-बिहानै पानी भर्नुभएर बगैँचामा आइपुग्नुहुँदा अगाडिको गाग्रोमा त पानी भरी नै हुन्छ तर ममा त प्वाल परेको छ । एक थोपा पनि पानी बाँकी रहँदैन । अगाडिको गाग्रोको भनाइ के छ भने उनकै कारणले नै यो बगैँचा हराभरा भएको छ । मेरो कारणले त केही हुन सक्दैन ।'

मालीले हाँस्दै भने, 'तिमी यो रहस्य बुझ्दैनौ । तिमीमा प्वाल भएको थाहा हुँदाहुँदै पनि मैले तिमीलाई फ्याँकिन । मैले तिमीलाई सधैँ तल लगेर तिमीमा पनि पानी भर्छु र माथिसम्म ल्याउँछु । अँ, यो कुरा त ठिक्कै हो जति पनि बगैँचा हराभरा भएको छ, बगैँचाको हरियाली छ, त्यो त अगाडिको गाग्रोको कारणले नै भएको छ । तर, के तिमीले देखेका छैनौ ? त्यो नदीबाट माथि बगैँचासम्मका जाने बाटोको किनारमा जति पनि थरीथरीका फूलहरू फुलिरहेका छन्, ती तिम्रै कारणले त फुलेका हुन् । तिनीहरू सबैले तिम्रो कारणले नै पानी पाउँछन् । अर्कोको कारणले त केवल एउटा मात्रै बगैँचा हराभरा भएको छ तर तिम्रो कारणले त बाटाभरि- त्यो नदीदेखि लिएर बगैँचासम्मको क्षेत्र आज हराभरा छ । किनभने, तिनीहरूले तिम्रै कारणले पानी पाएका छन् ।"

यो कुरा सुनेपछि त्यो गाग्रो असाध्यै खुशी भयो । ऊ अझै पनि काम लाग्ने चिज भएको कुरा उसलाई थाहा भयो ! हो, उसले राजाको बगैँचामा त सिँचाइ गर्न सकेन तर उसले त्यस बाटोमा यस्तो सुन्दर बगैँचा बनायो- जुन बाटोबाट सारा मानिस ओहोरदोहोर गर्ने गर्छन् । ती सबैले लको सुगन्ध लिन पाउँछन् ।

यसर्थ, चाहे जस्तोसुकै परिस्थिति होओस्, कहिल्यै पनि आफूलाई कमजोर ठान्न आवश्यक छैन । जीवनमा हरेकको आफ्नै महत्त्व हुन्छ । यो कुरालाई बुझ्नु आवश्यक छ । सबैभन्दा महत्वपूर्ण कुरा त हामी जीवित र हुन्जेलसम्म जीवित भएका कारणले नै हामीमा अनन्त सम्भावनाहरू हुन्छन् । जीवनमा चाहे जतिसुकै कठिनाइहरू आऊन् तर आफ्नो दक्षतालाई चिनेर अघि बढ्ने मानिसलाई जीवनको हरेक क्षेत्रमा अवश्य पनि सफलता हात लाग्दछ । यस्ता मानिसहरू कठिन समयमा पनि निराश हुँदैनन् ।

हामीले हाम्रो क्षमतालाई बिर्सेका छौं । हामी को हौं भन्ने कुरालाई हामी बिर्सन्छौं । हामीभित्र भएको करुणालाई हामी बिर्सन्छौं । हामीभित्र भएको लगनशीलतालाई हामी बिर्सन्छौं । हामी आफूभित्र भएको दयालाई बिर्सन्छौं । हामी आफूभित्र भएको आनन्दलाई बिर्सन्छौं । हामी एउटा मानव के हो भन्ने कुरालाई नै बिर्सन्छौं । मानिसको बारेमा कुरा नगरी तपाईं शान्तिको बारेमा कुरा गर्न सक्नुहुन्न । किनकि, शान्ति त मानिसको फदयमा नाचिरहेको हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मदनको स्मृतिमा शहीद नेत्रलाल

✍ मदन भण्डारी

प्रश्रित र म कोठामा बसेर कुरा गरिरहेका थियौं । त्यसबेला हामीमाथि निकै गह्रौं जिम्मेवारी आएको थियो । हामीले भर्खर केही समयअघि मात्र नेपालको कम्युनिष्ट आन्दोलनका रुढ दक्षिणपन्थी विचार र पुष्पलालका जारी कमजोरीहरूका विरुद्ध विद्रोह गरेका थियौं । त्यसबेलासम्ममा आफ्ना विद्रोही विचारहरूलाई छापामा बाहिर लगिएको र तिनीहरूको आधारमा कार्यकर्ता शक्ति गोलबन्द गरिएको भए पनि अझै जनवादी केन्द्रीयताका आधारमा संगठनात्मक ढाँचाका मान्यता र अभ्यासका आधारमा नै हामी केही व्यक्तिहरू त्यो विद्रोही विचारको अगुवाइ गरिरहेका थियौं ।

देश र प्रवासका कार्यक्षेत्रहरूमा काम गरिरहनुभएका अनेकौं कार्यकर्ता, सदस्य र व्यापक जनसमुदायको अग्रगतिलाई सुनिश्चित गर्ने उत्तर दायित्वलाई पहल-कदमीको हिसाबले हामीले आफूमाथि लिएका थियौं । संगठनात्मक स्थिति औपचारिक, व्यवस्थित र सुदृढ नगरिसकिएको र अनेकौं राजनीतिक, कार्यनीतिक सवाल र पक्षहरूमा नीति र मान्यताहरू व्यवस्थित नगरि सकिएको त्यसबेला हामीलाई आफ्नो जिम्मेदारी पूरा गर्न निकै मिहिनेत गरिरहनु परेको थियो । एकातिर पुष्पलाल समूहको अमैत्रीपूर्ण हमला, अर्कोतिर तुरुन्तै आफूसँग मिल्न नआएको कारणबाट उत्पन्न मोहनविक्रम समूहको अमैत्रीपूर्ण आलोचना र अझ अर्कोतिर आफ्नो पंक्तिलाई गोलबन्द, गतिशील र संगठित गरिहाल्नुपर्ने समयको दबाबले हामीलाई च्यापेका र चुनौती दिइरहेका थिए ।

त्यसबेला हामी विभिन्न समूहसँग भेटघाट गर्ने र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहाससँग सम्बन्धित र हालका (तात्कालिक-सं.) सैद्धान्तिक राजनीतिक सवालहरूका बारेमा बहस छलफलको क्रम चलाइरहेका थियौं । हाम्रो विद्रोही पंक्तिका केही अगुवा साथीहरू देशभित्रै हुनुहुन्थ्यो भने प्रश्रित र म चाहिं त्यसबेला बनारसमा थियौं । राममन्दिर धर्मशालाको माथिल्लो तलाको सानो कोठा प्रश्रितजीको डेरा थियो र त्यस दिन बिहानैदेखि एउटा सैद्धान्तिक विषयमा हामीबीच छलफल सुरु भएको थियो ।

कुनै दुई जना मित्रहरू सुपरिचित शैलीमा कोठाभित्र प्रवेश गर्नुभयो । हामीले एकअर्कालाई क्रान्तिकारी आत्मीयताका साथ अभिवादन गर्‍यौं । उहाँहरूसँग परिचित हुनु भएकोले आगन्तुक साथीहरूसँग प्रासङ्गिक कुराहरूको थालनी पनि प्रश्रितजीले नै गर्नुभयो । मैले पनि अपरिचित जस्तो व्यवहार गरिनँ । हामीले त्यस दिन थुप्रै राजनीतिक सवालहरूमध्ये मुख्य अन्तर विरोध, मुख्य शत्रु, नेपाली कांग्रेस, कम्युनिष्ट आन्दोलन र विभिन्न समूह तथा संघर्षका रूप, तरिका र आ-आफूले गरिरहेका कामका तात्कालिक विषयहरूबारे बातचित चलायौं। कुराकानीकै क्रममा मैले पनि थाहा पाउँदै गएँ, उहाँ दुई जना मित्रहरू मोहनविक्रम समूहसँग असन्तुष्ट विद्रोही सन्देश ग्रुपका साथीहरू हुनुहुँदोरहेछ । 'को-अर्डिनेशन केन्द्र' का अनेकौं विचार र कार्यतरिकाबारे त्यसबेला हामी 'मुक्ति-मोर्चा' समूहका साथीहरू असहमत थियौं । तर उहाँहरू 'सन्देश ग्रुप' का साथीहरू हामीभन्दा धेरै सवालमा 'को.के.' प्रति सकारात्मक हुनुहुँदोरहेछ । त्यसभन्दा एक दुई दिन अघि मात्र सार्वजनिक मञ्चमा मैले बोलेका केही विषयहरूबारे समीक्षा गर्दै एक जना साथीले मेरो नाम लिनुभयो । मैले भने अझै पनि उहाँलाई व्यक्तिगत रूपले चिनिसकेको थिइनँ । उहाँले मेरो नाम लिंदा मलाई भित्रभित्रै कुरीकुरी पनि लाग्यो ।

बातचितबाट हामीहरू एकआपसमा धेरै नजिकियौं । देशको वर्तमान परिप्रेक्ष्यमा एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्नुपर्ने अत्यावश्यकता र क्रान्तिकारी कम्युनिष्टहरू बीचको अपरिहार्य एकताबारे हामीले उहाँहरूको पनि समान धारणा रहेको पायौं । प्रश्रितजी प्रसिद्ध र प्रतिभाशाली साहित्यकार भएको हुनाले उहाँ भएको ठाउँमा साहित्यिक प्रसङ्गहरू चल्नु कुनै अनौठो कुरा हुँदैन । संगतले गर्दा त्यसबेला मलाई पनि अलिकति साहित्यिक चस्को पसिसकेकै थियो । गीतहरू, छन्दमा कविताहरू केही लेख, कथाहरू लेख्ने अभ्यास म पनि चलाउँदै थिएँ । आउनुभएको एक जना साथीले साहित्य र लेखाइबारे पनि निकै गहिरिएर छलफल उक्काउनुभयो ।

साहित्यको सवालमा पनि एक छिन हामी बीच कुराकानी चल्यो । 'लाटो देशमा गाँडो तन्नेरी' जस्तो त्यसबेलाका हाम्रा अगुवा साथीहरूमध्ये कला नभए पनि गलामा मेरो अलिकति गन्ती थियो । त्यस्ता राजनीतिक भेटघाटमा पनि मौका मिल्नेबित्तिकै साथीहरू मलाई गीत गाउनका निम्ति प्रस्तुत गर्नुहुन्थ्यो । एकोहोरो सङ्गीतमा चर्किएर गाउन पाउँदा अलिकति स्वर भएकै गायक झैं म पनि कोसिस गर्नसक्थें । त्यस भेटको अन्त्यमा हामीले एकअर्कालाई गीत पनि सुनायौं । उहाँ साथीले 'मेरो नाम कुन्नि हो'.. भन्ने बोल भएको शब्द संगीत र भावमा निकै राम्रो संयोजन र संगीतयुक्त मीठो गीत सुनाउनुभयो । मैले उहाँको स्वरलाई पनि नमिठो मान्न सकिनँ । हामी आत्मीयता अभिव्यक्त गर्दै त्यस दिन एकअर्कासँग बिदा भयौं ।

आउनुभएको त्यो एक जना साथीको चासो, ज्ञान, गम्भीरता र बातचितको शिष्ट शैलीप्रति म निकै आकर्षित भइसकेको थिएँ । साथीहरू बिदा भइसकेपछि मैले प्रश्रितजीसँग सोधें 'उहाँको नाम के हो ?' 'ओ हो ! तपाईंहरूको आपसमा पूर्ण परिचय थिएन ? उहाँ नेत्रलाल पौडेल हो, दाङको एउटा असल कम्युनिष्ट क्रान्तिकारी, एउटा कर्मठ राजनीतिक कार्यकर्ता । साहित्यमा पनि उहाँको राम्रै हस्तक्षेप छ र कविता र भाषा सम्बन्धमा राम्ररी नै कलम पनि चलाउँदै आउनुभएको छ', प्रश्रितले मलाई जवाफ दिनुभयो । यो २०३३ सालको कुरा हो । नेत्रलालसँग मेरो त्यो नै पहिलो भेटघाट थियो । त्यसपछि मैले कहिल्यै पनि उहाँलाई बिर्सन सकिनँ ।

समान राजनीतिक मान्यता र क्रान्तिकारी प्रक्रियाहरूका सम्बन्धमा पनि एउटै दृष्टिकोण रहेको हुनाले हामीहरू पछि एउटै राजनीतिक झण्डामुनि जम्मा हुन सक्यौं र त्यसयता करिब ६ वर्षसम्म सँगै काम गर्‍यौं । नेत्रलालसँग एउटै मोर्चामा र सिंगै मुलुकका निम्ति समेत ऐतिहासिक महत्वको रूपमा उल्लेखनीय वर्षहरू रहेका छन् । मार्क्सवाद-लेनिनवादलाई त्यसको सटिक, सार्वभौमिक अर्थमा र आफ्नो मुलुकको ठोस परिस्थितिमा लागू गर्ने विशिष्ट अर्थमा समेत बुझ्ने मेरो सैद्धान्तिक चेतनामा एउटा ठूलो फड्को आएको मैले अनुभव गरेको छु ।

यी ६ वर्षहरूमा क्रान्तिकारी नीति र प्रक्रियाहरूलाई मैले जति गहिरिएर बुझ्न सकें साँच्चै भन्ने हो भने आज पनि म त्यही खजनाबाट गुजारा गरिरहेको छु । यसको मतलब उहाँसँग बितेका मेरो जीवनका यी वर्षहरू आन्तरिक रूपमा तीव्र गतिशीलता रहेका वर्षहरू हुन् र सिंगै मुलुकमा पनि २०३५-३६ को क्रान्तिकारी संघर्ष, जनमत संग्रह र त्यसयताका सापेक्ष परिवर्तनहरू देशको वस्तुस्थितिमा अनेकौं हिसाबले उल्लेखनीय महत्व भएका ऐतिहासिक वर्षका रूपमा छन् । यस्तो आन्तरिक र बाह्य, मनोगत र वस्तुगत दुवै क्षेत्रमा तीव्र उथलपुथल भएका बेलाको सहकर्मी नेत्रलालसँगका मेरा स्मृति र अनुभवहरू स्वाभाविक रूपमा अक्षम्य र अगाध छन् ।

यस बीचमा कति हो कति पटक हामीले सँगै घोत्लिएर सोच्यौं, गहिरिएर आत्मसमीक्षा गर्‍यौं । गलत विचार र प्रवृत्तिहरू विरुद्ध अविराम संघर्षहरू गर्‍यौं । आपसमा चर्काचर्की बहस र वादविवाद पनि गर्‍यौं र रणनीतिक महत्वका गुणात्मक निष्कर्ष र निर्णयहरू पनि निकाल्यौं तथा निरकुंशतन्त्रका दमनात्मक र हिंसात्मक आक्रमणहरूको प्रतिरोध गर्‍यौं । जतिसुकै हतार गर्नु परेको होस् नेत्रलाल आफ्ना विचारहरू बताउने क्रममा एउटा पूर्णविराममा पुगेर टक्क अडिनुहुन्थ्यो र नियालेर साथीको अनुहार हेर्न थाल्नुहुन्थ्यो, शायद साथीको अनुहारमा केही प्रतिक्रियाहरू खोज्नका निम्ति हो कि ? अनि उहाँले आफ्ना विचारहरू बताइसक्नुभएछ भनेर आफूले कुरा सुरु गर्‍यो कि फेरि 'र अर्को कुरा' भनेर उहाँ अघि बढ्नुहुन्थ्यो । मलाई उहाँको यो शैली बेलाबेला नखट्किएको होइन । तर मैले कहिल्यै पनि 'यो तपाईंको शैली झिंजो लाग्दो' भनेर बताइनँ । उहाँको त्यही विशेषताले कहिलेकाहीं बातचितमा मजा पनि आउँथ्यो । अनेकौं विचारोत्तेजक विषय प्रसंगहरू र विनाशकारी विघ्नहरूसँग सामना गरिरहेको बेला पनि नेत्रलालले देखाउने शिष्टता, संयम र साहसिक अविचलता मैले त्यसबेला पनि उहाँलाई सम्झँदा उपस्थित हुने मूर्त तत्वहरू हुन् । म अहिले नेत्रलाललाई एउटा गहिरो वर्ग घृणा भएको तर शिष्ट, भावुक तर संयमित, प्रतिकूलताहरूलाई पनि वास्तविक रूपमा देख्न सक्ने तर साहसिक क्रान्तिकारी साथीको रूपमा सम्झन्छु ।

मैले २०४० साल फागुनमा नेत्रलाललाई पछिल्लो पटक भेटें । उहाँ त्यसबेला केही गम्भीर रोगहरूबाट ग्रसित हुनुहुन्थ्यो । बिमारीको दुष्प्रभावले उदास चेहरामा टोलाएका आँखाहरू बेला-बेला गहिरो विषाद व्यक्त गरिरहेका जस्ता देखिन्थे । उहाँका कतिपय संगति नमिलेका अभिव्यक्तिहरू र केही अस्वाभाविक संकेतहरूले घाइते मानसिकताको परिचय दिन्थे । एक पटक उहाँलाई बाटोमा एक्लै हिंडिरहेको बेला निर्जन ठाउँमा बिमारीको गम्भीर आघात लागेछ । मूर्छाको पूर्व संकेत आफूले थाहा पाउनेबित्तिकै क्रान्तिकारी गोपनीयताहरू जोगाउने बन्दोबस्त गरी कुनै पनि स्थितिको सामना गर्न तयारी गर्नुभएछ । नभन्दै त्यहीं उहाँ मूर्छित हुनुभयो । कोही बटुवाले कुन बेला भेटेर एक जना किसानको घरमा पुर्‍याइदिएछन् । जनताको सहयोगले मात्र उहाँ सुरक्षित र जीवित रहन सक्नुभयो । उहाँ लामो समयपछि मात्र मूर्छाबाट सचेत हुनुभएछ । उहाँले त्यस पटक यो भन्दा बढ्ता हानि व्यहोर्नु परेन तर त्यो फगत संयोग मात्र थियो । त्यो पछिल्लो भेटमा उहाँबाटै ती कुराहरू थाहा पाउँदा म निकै आहत भएँ ।

क्रमश: पृष्ठ-३...

# महिला कबड्डी विश्वकपमा पदक जित्ने नेपालको लक्ष्य

काठमाडौं/महिला कबड्डी विश्वकप खेल्ने तयारीमा रहेको नेपाली राष्ट्रिय महिला कबड्डी टोली थप प्रशिक्षण र अभ्यास खेलका लागि शनिबार भारतको हरियाणा प्रस्थान गरेको छ । पछिल्लो समय नेपाली महिला कबड्डीले अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सफलताहरू हात पारिरहेको छ । यस पटक विश्वकपमा पनि पदक जित्ने लक्ष्य लिएर नेपाली महिला कबड्डी टोलीले भारतको यात्रा तय गरेको छ ।




१४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोली शनिबार भारतको हरियाणा प्रस्थान गरेको छ । नेपाली टोलीको कप्तानमा मानमति विष्ट छन् भने जयन्ती बडु उपकप्तान छन् । महिला कबड्डी विश्वकपको दोस्रो संस्करण अगष्ट ३ देखि १० सम्म हैदरवादमा आयोजना हुँदैछ । सुरुमा जुनमा बिहारमा हुने तयारी थियो तर अब हैदरवादको गोचिबोली इन्डोर स्टेडियममा अगष्ट ३ देखि १० सम्म आयोजना हुनेछ ।

विश्वकप खेल्नुअघि नेपाली महिला कबड्डी टोलीले हरियाडास्थित मोरमाजरामा १२ दिनको तयारी गर्नेछ । त्यहाँ रहँदा नेपालले बन्द प्रशिक्षणमा तयारी गर्नुका साथै ५ अभ्यास खेल पनि खेल्ने तालिका छ । कप्तान मानमती विष्टले लामो समयदेखि टिमले प्रशिक्षण गरिरहेको र हरियाणामा हुने तयारीले अझ सहयोग पुग्ने बताएकी छन् । 'हरियाणाको गुरुकुलमा तयारी गरेको हो पहिला पनि । अहिले पनि त्यहाँ गएर प्रशिक्षण गर्दा र म्याच एक्सपोजरले विश्वकपमा धेरै सहयोग गर्छ र राम्रो हुन्छ' विष्टले भनिन्, 'त्यहाँ हामीले ५ अभ्यास म्याच पनि खेल्छौं । त्यसले गर्दा खेलको अनुभव पनि राम्रो हुन्छ।'

महिला कबड्डी विश्वकपमा १४ टोलीको सहभागिता हुनेछ । आयोजक भारतसहित अर्जेन्टिना, बंगलादेश, चाइनिज ताइपेई, जर्मनी, नेदरल्याण्ड्स, इरान, जापान, केन्या, नेपाल, पोल्याण्ड, थाइल्याण्ड, युगान्डा, जान्जिबारले विश्वकप खेल्नेछन् । महिला कबड्डीमा पहिलो विश्वकप भएको १३ वर्षपछि दोस्रो संस्करण हुन लागेको हो । सन् २०१२ मा पहिलो संस्करण भारतकै पटनामा भएको थियो । पहिलो संस्करण भारतले जितेको थियो भने इरान, जापान, थाइल्याण्ड दोस्रो देखि चौथोसम्म भएको थियो ।

**विश्वकपमा पदक जित्ने लक्ष्य**

पछिल्लो समय नेपाली महिला कबड्डीले अन्तर्राष्ट्रिय स्तरमा हात पारेको सफलताले गर्दा विश्वकपमा पनि सफलता दिलाउन नेपाली टोलीको लक्ष्य छ । कप्तान मानमती विष्टले पनि विगतमा प्राप्त गरेको सफलता भन्दा अझ ठूलो सफलता ल्याउने लक्ष्य रहेको संचार कर्मीसँग बताइन् ।

'हामी पहिलो पटक महिला कबड्डी खेल्दैछौं । हाम्रो तयारी राम्रो छ । ६ पुराना अनुभवी खेलाडी र ८ नयाँ खेलाडीको कम्बो सेट राम्रो राम्रो छ । पहिला भन्दा अहिलेको नतिजा राम्रो ल्याउने लक्ष्य छ ।' विष्टले भनिन् । 'यो विश्वकपमा हामी फाइनल पुग्ने लक्ष्य छ । अहिलेसम्म कांस्य पदक ल्याइराको छौं । मेडल टच भाछ । यो पटक कांस्य भन्दा माथि राम्रो मेडल ल्याउने आशा छ ।'

कप्तान विष्टसहित पूर्वकप्तान मेनुका राजवंशी टिमको सबेभन्दा अनुभवी खेलाडीको रुपमा छन् । सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा कांस्य पदक जित्दा कप्तानी रहेकी मेनुका अनी हालकी कप्तान विष्टसँगै हालकी उपकप्तान जयन्ती बडु, गंगा घिमिरे, रविना चौधरी र सृजना कुमारी थारुसँग एसियन गेम्सको पनि अनुभव छ ।

'हामी सिनियर खेलाडीहरू बाहेक नयाँ बहिनीहरूसँग पनि एसियन च्याम्पियनसिप, बंगलादेशसँग पनि टेष्ट सिरिज खेलेको अनुभव बटुलेको छ । त्यसले फाइदा हुन्छ' विष्टले भनिन् । इरानमा भएको एसियन महिला कबड्डी च्याम्पियनसिपमा पनि नेपालले कांस्य जितेको थियो । यस्तै मुख्य प्रशिक्षक विष्णुदत्त भट्टले पनि ८ महिनाको प्रशिक्षणले टिम राम्रो भएको र पदक जित्नेमा आशावादी रहेको बताएका छन् ।

शुक्रबार आयोजित बिदाइ कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंक लाल घिसिङले कबड्डीमा महिला खेलाडीको ग्राफ उकालो लाग्दै गएको बताउँदै एसियाली प्रतियोगितामा पनि पदक जित्दै महिला कबड्डी टोली दक्षिण एसियामा मात्र सीमित छ भन्ने भ्रमलाई चिर्न सफल भएको बताएका थिए ।

यसैगरी अखिल नेपाल कबड्डी संघका महासचिव अरविन्द झाले महिला कबड्डी विश्वकपलाई लक्षित गर्दै लामो समयदेखि तयारी गरिरहेको र टिम लयमा रहेको बताए । 'कबड्डी टिम मिसन २६ को तयारीमा पनि छ । तर हामीले विश्वकपलाई लक्षित गर्दै ८ महिनादेखि क्लोज क्याम्प राखेर तयारी गरिरहेका छौं' झाले भने, 'त्यही दौरानमा हामीले दुई वटा अन्तर्राष्ट्रिय इभेन्ट पनि खेल्यौं । इरानमा भएको एसियन महिला कबड्डी च्याम्पियनसिपमा तेस्रो भयौं । यस्तै नेपालमै नेपाल र बंगलादेश बीच ५ खेलको टेष्ट सिरिज पनि हामीले जित्यौं।'

संघका महासचिव झाले विश्वकपमा नेपालले पदक जित्ने राम्रो सम्भावना रहेको बताए । 'महिला कबड्डी खेल्ने ४७ टिममध्ये नेपालको तेस्रो वरियतामा छ । यस पटक १४ टिम सहभागि हुनेछन् । चार पुलमा विभाजन हुनेछ । नेपाल आफू रहेको पुलमा विजेता बनेमा सेमिफाइनल पुग्नेछ ।' समूह विभाजन भने विश्वकपको केही दिनअघि मात्र हुने झाले जानकारी दिए ।

**उत्साहित नेपाली खेलाडीहरू**

हरेक खेलका खेलाडीको लागि विश्वकप खेल्नु सपना हुन्छ र त्यसमा पदक जित्न सके अझै ठूलो सफलता हुनेछ । नेपालले पछिल्लो समय समूह खेलहरूमा पनि विश्वकपमा आफ्नो उपस्थित देखाउन थालेको छ । विशेषगरी क्रिकेटमा पुरुष टिमले दुई पटक टी२० विश्वकप खेलिसकेको छ । यस्तै उमेर समूहमा पुरुक्ष यू१९ टिमले ८ पटक यू१९ विश्वकप क्रिकेट खेलिसक्दा महिला यू१९ टिमले पनि महिला यू१९ विश्वकपमा गत वर्ष डेब्यु गरिसकेको छ ।

यसैगरी गत वर्ष नै नेपालको महिला र पुरुष दुवै खो खो टिमले विश्वकपमा सहभागिता जनाउँदै दुवैले ऐतिहासिक रजत पदक समेत जिते । यसलाई पछ्याउँदै अहिले कबड्डी टिमले पनि महिला कबड्डी विश्वकप खेल्दैछ । 'कबड्डी विश्वकपलाई लिएर नेपाली खेलाडीहरू पनि निकै उत्सहित छन्' कप्तान मानमती विष्टले उत्साहित हुँदै भनिन्, 'हामीले अहिलेसम्म घर परिवार नभनी गरेको मिहिनेतले यहाँसम्म पुगेका छौं।'

टिममा रहेका सिनियर र नयाँ खेलाडीहरू सबैले उत्सहित रहेको विष्टले बताइन् । 'विश्वकपमा खेल्न पाउँदा सबै जना हर्षित छन् । हामी सिनियर खेलाडी दुई जना छौं । नयाँ बहिनीहरू पहिलो पटक विश्वकप खेल्न पाउँदा झन् धेरै उत्सहित छन् । यसले भावी पुस्तालाई अझ मोटिभेसन हुनेछ' उनले भनिन्, 'हामीलाई थप उर्जा पनि भाको छ । र कबड्डी पनि यो स्थानसम्म पुग्छ भनेर देखाउन सफल भएका छौं।'

यस्तै संघका महासचिव झाले पछिल्लो समय महिला कबड्डीले सफलता हात पारिरहेकोले अहिले राखेप र नेपाल सरकारले कबड्डीलाई हेर्ने दृष्टिकोणमा पनि फरक आएको बताए । 'संघमा पनि नयाँ टिम आएपछि कबड्डीको मोडालिटी नै चेन्ज भाछ । हामी कबड्डीप्रति गम्भिर भएका छौं । संघका साथीहरू सबै एकजुट भएर लाग्दा यो सम्भव भएको छ' झाले भने, 'ठूलो स्पोनर र वैदेशिक अनुदानहरू नपाएपनि राखेपको साथ, संघको प्रयास र साना स्पोनसरहरूको साथ लिएर हामीले काम गरिरहेका छौं।'

कबड्डी संघले गत वर्ष पुरुष कबड्डीको फ्रेन्चाइज लिग समेत सुरु गरेको छ । यस वर्ष पुरुषको दोस्रो सिजन गर्ने र सन् २०२६ देखि महिला कबड्डीको पनि फ्रेन्चाइज सुरु गर्ने महासचिव झाले जानकारी दिए । 'महिला फ्रेन्चाइज लिग २०२६ मा गर्ने योजना छ । २०२५ मा पुरुषको सिजन २ हुनेछ । महिलाको लागि अली तयार नपुगेको हो' उनले भने ।

नेपाली टोली : मानमति विष्ट (कप्तान), जयन्ती बडु (उपकप्तान), मेनुकाकुमारी राजवंशी, रविना चौधरी, मिना नेपाली, गंगा घिमिरे, आशिका कुँवर, श्रृजनाकुमारी थारु, श्रृजना धानुक, मनीषा जोशी, उरुषा शाक्य, आस्मा यादव, विनिता पण्डित क्षेत्री, सन्जु थामी
मुख्य प्रशिक्षक : विष्णुदत्त भट्ट
सहायक प्रशिक्षक : हरिना थापा
व्यवस्थापक : शरद दर्शनधारी
निर्णायक : रमेशचन्द्र ओझा

(स्रोत: अनलाइनखबर)

# कलाकार लुकाउँदै 'परिवार'को छायांकन सुरु






काठमाडौं/गत वर्ष प्रदर्शनमा आएको फिल्म 'बाटो: रोड टू डेथ'बाट निर्देशनमा राम्रो सम्भावना देखाएका मदन थापाले दोस्रो फिल्मको रुपमा 'परिवार' बनाउने भएका छन् । शुक्रबार फिल्मको शुभमुहूर्त गर्दै छायांकन पनि सुरु गरिएको छ । करिब एक महिनाको सेड्युलमा फिल्मको अधिकांश छायांकन काठमाडौं उपत्यकाभित्र हुनेछ ।

'परिवार'को निर्माण घोषणा गर्दै सार्वजनिक गरिएको पोस्टरमा एक पुरुष, दुई महिला र एउटा बच्चाको कार्टुन चित्र देखिन्छ । सँगै कुकुर र बिरालो पनि छन् । टाइटल डिजाइनमा 'परि' छुट्टै लेखिएको छ भने बाँकी अंग्रेजीमा 'डब्ल्यूएआर' अर्थात् 'वार' लेखिएको छ । यसले परिवारमा रहेको द्वन्द्वलाई संकेत गर्छ । फिल्मका कलाकारको बारेमा भने जानकारी गराइएको छैन ।

फिल्ममा किरण रिजाल, रमेश साही, भिसाका बिक्रम थापा, स्प्रान्जा कँडेल निर्माता रहेका छन् भने सह-निर्मातामा सन्तोष अधिकारी छन् । फिल्मको कथा प्रेम थापा र गणेश उपाध्यायले लेखेका हुन् । यसमा निरज कँडेलको डिओपी, विशेष महर्जनको सिनेमेटोग्राफी र एनबी महर्जनको द्वन्द्व निर्देशन रहनेछ ।

रमेशबहादुर शाही कार्यकारी निर्माता र वारिस सोना लाइन प्रोड्यूसर रहेको फिल्ममा शेर शाही क्रिएटिभ डिरेक्टर छन् । रे अफ आर्टको प्रस्तुति रहेको फिल्मको निर्माणमा भिसा आई फिल्म्स र साही फिल्म्सले पनि सहकार्य गरेका छन् ।

(स्रोत: फिल्मीखबर)

# फिल्म 'किस्ने कहाँ छ ?' बन्ने

काठमाडौं/गत जेठयता नेपाली फिल्मको व्यापारमा शिथिलता आएको भए पनि नयाँ फिल्म निर्माणको घोषणाा उत्साहजनक रूपमा भइरहेको छ । गत बैशाखयता दुई दर्जन बढी फिल्मको औपचारिक रूपमा घोषणा भइसकेको छ भने चलचित्र विकास बोर्डमा गएको तीन महिनामा मात्र ८० बढी फिल्मले निर्माण इजाजत लिइसकेका छन् । यसरी हेर्दा फिल्म निर्माणमा अभूतपूर्व आकर्षण देखिएको छ ।




यसैबीच, शुक्रबार निर्देशक राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'किस्ने कहाँ छ ?'को घोषणा गरिएको छ । निर्माण पक्षले थिम पोस्टर सार्वजनिक गर्दै फिल्मबारे जानकारी गराएको हो । पोस्टरमा हिलो खेत खनिरहेका एक व्यक्ति र पहाडी भेगको चिप्लो बाटोमा गुडिरहेको बोलेरो गाडी देख्न सकिन्छ । यसले स्पष्ट संकेत गर्छ कि ग्रामीण परिवेशमा आधारित भएर फिल्म बन्नेछ ।

यो फिल्मको कथा, पटकथा र संवाद लेखक विनय राज पौडेलले तयार पारेका छन् । ग्रीन प्यारोट्स फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको निर्मातामा हेमन्त बस्नेत रहेका छन् भने कार्यकारी निर्माता इश्वर वल्लव उप्रेती हुन् । कलाकारहरूको टुंगो लाग्न बाँकी रहेको फिल्मको छायांकन आगामी भदौपछि सुरू गरिने जनाइएको छ । फिल्म सामाजिक कमेडी कथावस्तुमा बन्नेछ ।

# मदनको स्मृतिमा....

कुनै ऐसआरामको कोमल कल्पनाले लोभ्याउन नसकेको, कुनै सुख सयलका स्वप्निल आकर्षणहरूले तान्न नसकेको, कुनै पनि भौतिक कठिनाइहरूले गलाउन नसकेको, कुनै पनि भयले विचलित पार्न नसकेको र प्रतिक्रियावादीहरूको कुनै पनि आक्रमणले पराजित गर्न नसकेको यो फलामे इच्छाशक्ति भएको मान्छे कसरी यस्तो क्लान्त, शिथिल, उदास र खिन्न हुनसक्यो । मैले रोगहरूको दुष्प्रभाविता प्रति गहिरिएर सोचें ।

बन्दुकको गोलीले छेड्न नसकेको एउटा क्रान्तिकारीको मानसिकता रोगले विदीर्ण गरेको कुराप्रति धेरैबेर गमें । म कुनै लेखान्त र अवश्यंभाविता प्रति विश्वास गर्ने मान्छे होइन, तर पनि यस्तो रोग न लागेकै भए पनि त हुन्थ्यो भनेर मैले केही भावुक कल्पनाहरू पनि गरें, तर यथार्थमा रोग लाग्नु अस्वाभाविक थिएन । अभाव, दरिद्रता, कठिनाइ, शोषण र उत्पीडनले असंख्य जनताहरू रोगी छन् र कालको मुखमा गइरहेकै छन् । जनताको निम्ति उपचार सुलभ छैन, जनताको जीवन सहज छैन । त्यसमा पनि क्रान्तिकारी काममा लागेका भूमिगत कार्यकर्ताहरूलाई परिवेशकै कारणले पनि उपचार दुर्लभ हुन्छ ।

यी सबै कुराहरूको जरो प्रतिक्रियावादी व्यवस्था नै त हो । सबै रोग, व्याध, अकाल मृत्यु र सर्वनाशको मूल कारणप्रति यथातथ्य विश्लेषण गरेपछि निरंकुशतन्त्र र पञ्चायती व्यवस्थाप्रति मेरो घृणा झन् बढेर गयो । तर नेत्रलालको आत्मा गलेको थिएन । मनस्थिति थाकेको थिएन । संकल्प विचलित भएको थिएन र क्रान्तिकारी साहस र सक्रियता पराजित भएको थिएन ।

उहाँले त्यो पछिल्लो भेटमा पनि आफ्नो रोग र शारीरिक स्थितिप्रति कुनै आत्म-चिन्ता प्रकट गर्नुभएन । हामीले सधैं झैं अनेकौं सवालमा विचार आदान-प्रदान गऱ्यौं । छलफल गऱ्यौं र क्रान्तिकारी निष्कर्षहरू निकाल्यौं । अन्त्यमा फदयको उस्तै न्यानोपन, उस्तै आशावाद र उस्तै जोश जाँगरको साथ आत्मीय अभिवादन गर्दै हामी एकअर्कासँग बिदा भयौं । तर त्यसबेला त्यो नै हाम्रो पछिल्लो भेट हो भन्ने हामी कसैले पनि अनुमान गरेका थिएनौं । त्यसभन्दापछि मेरो उहाँसँग फेरि कहिल्यै भेट हुन पाएन ।

२०४१ सालमा अचानक उहाँको निधन भएको समाचार सुन्दा मैले आफूलाई तुरुन्तै समाचारप्रति विश्वस्त बनाउन सकिनँ । अहिले पनि कहिलेकाहीं म सोच्दछु-साथीहरूसँग भेटघाट गर्ने निश्चित थलोमा पुगेपछि अरू जस्तै रातको कालो गर्भलाई चिर्दै बिर्के टोपी लगाएको छिचरो दाँत भएको, एउटा उज्यालो चेहरा, काँधमा झोला झुण्ड्याएर बत्तीको मधुरो प्रकाशमा फुत्त आई त पुग्दैन ? तर यो एउटा फगत मेरो कल्पना मात्र हो । २०४० सालयता त्यो चेहरासँग फेरि कहिल्यै चार आँखा हुन पाएन । मैले एउटा अत्यन्त भरोसिलो र गतिलो सहयोद्धा असमयमै गुमाइसकेछु । मलाई अहिले साथीको अभाव मात्र होइन आफ्नै अयोग्यताहरूले पनि कता कता पोलिरहे जस्तो लाग्छ ।

म आफूलाई पनि कुनै बहिर्मुखी ठान्दिनँ । तर नेत्रलाल मभन्दा धेरै अन्तर्मुखी स्वभावको हुनुहुन्थ्यो । त्यस स्वभावले गर्दा उहाँले धेरै पीर र विसंगतिहरू मनमनमै भक्कानो पारेर बचाउनुभएको छ । उहाँले खुद भोगेका विषम अनुभवहरू धेरैजसो व्यक्त भएनन् । बरू उहाँले लेखेका कविताहरूमा साहित्यिक पोशाकमा सुटुक्क छिरेका हुन सक्छन् । तर व्यावहारिक निष्कर्षको रूपमा कहिल्यै बाहिर आएनन् । आफ्ना पीरहरू पचाउन उहाँले आफ्नो प्रतिभाशाली ऊर्जाको कति ठूलो हिस्सा खर्च गर्नुपऱ्यो होला, त्यो अनुमान मात्र गर्ने कुरा हो । साथीहरूलाई सकेसम्म सुख र खुसी बाँड्नुभयो तर दुःख र विषादहरू कहिल्यै बाँड्न चाहनुभएन । आफ्ना कार्य परिस्थितिका जटिलताहरू, परिवेशको संकीर्णताद्वारा उत्पन्न प्रतिकूलताहरू र शारीरिक कठिनाइहरूलाई कहिल्यै मुखर भएर व्यक्त गर्नुभएन ।

भोग्नु परेको परिस्थितिका थप्पडहरूले मनस्थितिमा पारेको आघात, द्वन्द्व र पक्षघातहरूलाई कहिल्यै देखाउन चाहनुभएन । आफू कहिल्यै पनि संगठन र साथीहरूका निम्ति समस्या बन्नु नपरोस् भन्ने उहाँले सोच्नुभएको भए पनि शायद यो एउटा कमजोरी नै हुनसक्छ । जनता, देश, संगठन र साथीहरूका लागि उहाँले धेरै कुरा दिएर जानुभयो तर हामीले उहाँलाई केही पनि दिन सकेनौं वा दिन पाएनौं ।

मैले त्यति लामो सहकार्य कालमा कहिल्यै पनि उहाँको व्यक्तिगत अन्तरफदय खोतल्ने प्रयत्न गरिनँ । त्यहाँ लुकेर रहेका पत्रहरूलाई कहिल्यै कोट्याउने कोसिस गरिनँ । व्यक्तिगत जीवनका विषम दीर्घ अनुभवहरूलाई बाँकी नराखिकन बुझ्ने र सबैका निम्ति सामान्यीकृत निष्कर्षहरू निकाल्नेतर्फ मैले कहिल्यै ध्यान दिन सकिनँ ।

(साभार: अनलाइनखबर)

साफ यू-२० महिला च्याम्पियनसिप:

# पूर्णिमा र मीनाको ह्याट्रिकमा भुटानविरुद्ध नेपालको फराकिलो जित



काठमाडौं/पूर्णिमा राई र मीना देउवाको ह्याट्रिक मद्दतमा नेपालले बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिपको आफ्नो पाँचौं खेलमा भुटानलाई ८-० को फराकिलो अन्तरले हराएको छ ।

प्रतियोगितामा यसअघि ७ गोलसम्म गरेको नेपालले हालसम्मकै धेरै गोल गर्दै खेल जित्यो । नेपालको जितमा पूर्णिमा र मीनाको ह्याट्रिकसँगै कुसुम खतिवाडाले १ गोल गरिन् भने एक गोल आत्मघाती भएको थियो ।

पहिलो हाफमै ६-० को अग्रता बनाएको नेपालले दोस्रो हाफमा २ गोल मात्र गर्न सक्यो । खेलको पहिलो मिनेटमा नै मीनाले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । नवौं मिनेटमा समिक्षाले डिबक्स बाहिरबाट गरेको प्रहार क्रसबारमा लागेर फर्किंदै गोलकिपरलाई लागेर पोस्टभित्र छिरेपछि नेपालको अग्रता दोब्बर भयो ।

१२औं मिनेटमा मीनाले व्यक्तिगत दोस्रो गोल गरिन् । २३औं मिनेटमा मीनाको पासमा पूर्णिमाले ट्याप इन गोल गर्दै नेपाललाई ४-० को अग्रतामा पुऱ्याइन् ।

इन्जुरी समयको पहिलो मिनेटमा सरिता कुमारीको फ्रिकिकमा पूर्णिमा राईले हेडर गोल गर्दै अग्रता ५-० मा पुऱ्याइन् । इन्जुरी समयकै अन्तिममा पूर्णिमाले ह्याट्रिक पूरा गर्दा नेपाल ६-० ले अघि रह्रुयो ।

६३औं मिनेटमा कुसुम खतिवाडाले गोल गरिन् भने लगत्तै ६४औं मिनेटमा मीनाले ह्याट्रिक पूरा गरेपछि नेपाल ८-० ले अगाडि बढ्यो । त्यसपछि थप गोल भएनन् । डबल राउन्ड रोबिन लिगमा भइरहेको प्रतियोगितामा नेपालको भुटानसँग यो दोस्रो भेट हो । नेपालले आफ्नो पहिलो खेलमा गत शुक्रबार भुटानलाई ६-१ गोलअन्तरले हराएको थियो ।

दोस्रो खेलमा आइतबार बंगलादेशसँग ३-२ गोलअन्तरले पराजित भएको नेपालले श्रीलंकासँग तेस्रो र चौथो खेलमा समान ७-० गोलअन्तरको जित निकालेको थियो । प्रतियोगितामा नेपालको ५ खेलमा १२ अंक भएको छ भने बंगलादेशको ४ खेलमा १२ अंक छ । बंगलादेशले आजै बेलुका श्रीलंकासँग खेल्दै छ ।

चार टोली सहभागी च्याम्पियनसिप डबल राउण्ड रोबिन फर्म्याटमा खेलाइएको छ । अन्तिममा धेरै अंक जोडेर शीर्ष स्थानमा रहने टोली च्याम्पियन बन्नेछ । नेपालले अन्तिम खेलमा सोमबार बंगलादेशसँग खेल्नेछ ।

# मिर्गौला फेल हुँदा साउथ अभिनेता फिश वेन्कटको निधन

काठमाडौं/दक्षिण भारतीय फिल्म उद्योगबाट एउटा दुखद् खबर आएको छ । आफ्नो अद्वितीय लवज र उत्कृष्ट कमिक टाइमिङका लागि परिचित साउथ अभिनेता फिश वेन्कट (वेन्कट राज)को निधन भएको छ । उनले शुक्रबार साँझ हैदराबादस्थित एक अस्पतालमा अन्तिम सास लिएका हुन् । लामो समयदेखि मिर्गौला रोगको उपचार गराइरहेका उनी ५३ वर्षका थिए ।



मिर्गौला फेल भएका कारण वेन्कटले नियमित डायलिसिस गराइरहेका थिए । केही दिनदेखि भने उनको भेन्टिलेटरमा उपचार भइरहेको थियो । उनलाई मिर्गौला प्रत्यारोपणको आवश्यकता थियो, जसका लागि अभिनेता द्वय पवन कल्याण र विश्वक सेनबाट आर्थिक सहयोग समेत मिलेको थियो । तर, मिर्गौला लिन 'म्याचिङ डोनर' नै मिलेनन् । यही नै उनको निधन हुनुको कारण बन्यो ।

आर्थिक अभावका कारण फिशका परिवारले उनको उपचार खर्च समेत जुटाउन सकेका थिएनन् । जसले गर्दा उनको समयमा उपचार हुन सकेन । केही समयअघि उनकी छोरी श्रावन्तीले सार्वजनिक रुपमा पिताको मिर्गौला प्रत्यारोपणका लागि आर्थिक मद्दतको अपिल गरेकी थिइन् । यसपछि फिशको उपचारका लागि अभिनेतादेखि मन्त्रीसम्मले सहयोग गरेका थिए ।

कमेडी भूमिकाका लागि चर्चित फिशले आफ्नो करिअरमा एक सयभन्दा बढी फिल्ममा अभिनय गरेका छन् । कहिले कमेडी त कहिले नकारात्मक भूमिकामा देखिएका उनले सन् २००१ मा रिलिज भएको तेलुगू फिल्म 'कुशी'बाट अभिनयमा डेब्यु गरेका थिए । 'आदी', 'अदूर', 'गब्बर सिंह' र 'डीजे टिल्लू' जस्ता फिल्ममा उनको अभिनय सशक्त मानिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

तीन दिन ठूलो पानी पर्नसक्ने पूर्वानुमान

# जलविद्युत आयोजनालाई सतर्क रहन ईप्पानको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, (इप्पान) ले जलविद्युत आयोजनाहरुलाई आगामी ३ दिन उच्चसतर्कता अपनाउन आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभागबाट साउन ३, ४ र ५ गते देशभर अत्याधिक वर्षा भई नदीहरुमा पानीको सतहले सतकर्ताबिन्दु पार गर्नसक्ने पूर्वानुमान गरेर जलविद्युत आयोजनामा पूर्वतयारीका लागि पूर्वसूचना दिएपछि इप्पानले प्रेस विज्ञप्ती जारी गर्दै सतर्कता अपनाउन आग्रह गरेको हो । इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदानप्रदान गर्ने सम्झौताअनुसार विभागले इप्पानलाई पूर्वतयारीका लागि निरन्तर सूचना प्रदान गर्दै आएको छ ।



फाइल तस्वीर

विभागका अनुसार साउन ३ गते साँझदेखि ४ गते बिहानसम्म पूर्वी नेपालमा भारी वर्षा हुनेछ । पूर्वी नेपालका कोशी, तमोर, अरुण, तामाकोशी, दूधकोशी, कन्काईलगायत नदीमा बाढी आउन सक्ने सम्भावना अत्यधिक छ । कोशी नदी सतर्कता तह नजिक वा पार गर्नसक्ने स्थितिमा पुग्न सक्नेछ । पूर्वी नेपालबाट सक्रिय हुने मौसमीप्रणाली पश्चिम नेपालतर्फ अघि बढ्नेछ । ४ गते बेलुका बागमती नदीमा बाढी आई काठमाडौं उपत्यका र तल्लातटीयक्षेत्र प्रभावित हुने अनुमान गरिएको छ ।

४ गते बेलुकादेखि ५ गते दिउँसोसम्म महाकाली नदी र त्यसको तटीयक्षेत्रमा बाढी आउनसक्ने सम्भावना उच्च रहेको छ । यसपटकको मौसमीप्रणालीले मध्यनेपालमा बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, नवलपरासी, रुपन्देहीलगायत जिल्लामा असर पर्ने मौसम विज्ञान बिभागको अनुमान छ । जसले नारायणी जलाधारको मध्यपहाडदेखि तल्लो तटसम्मलाई प्रभावित गर्नेछ । पश्चिममा राप्ती र बबईक्षेत्रमा पनि मध्यमस्तरको प्रभाव पर्ने सम्भावना छ भने महाकाली क्षेत्रमा साउन ४ गते बेलुकादेखि ५ गते मध्यान्हसम्म बढी सतर्कता अपनाउनु आवश्यक रहेको जलतथा मौसम विज्ञान विभागलाई उद्दृत गर्दै इप्पानले जानकारी दिएको छ ।

मौसम सम्बन्धी पूर्व सूचनाहरु लिएर इप्पानमा आवद्धसहित देशभरका सम्पूर्ण निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत आयोजनालाई विपद्बाट हुनसक्ने सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि पूर्वतयारीका कार्य अघि बढाउन इप्पानले आग्रह गरेको छ । गएको असार २४ गते भोटेकोशीमा आएको बाढीले रसुवा र नुवाकोटमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका दर्जन जलविद्युत आयोजनामा क्षति पुऱ्याएको थियो । विगतका वर्षहरुमा पनि बाढीपहिरोले जलविद्युत आयोजना निर्माणमा संग्लग्न धेरै कर्मचारीको ज्यान गएको थियो । आयोजनामा निकै ठूलो भौतिक क्षति भई वर्षौसम्म विद्युत उत्पादन बन्द गर्नुपरेको थियो ।

विगतका घटनालाई स्मरण गराउँदै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन इप्पानले आग्रह गरेको हो । इप्पानले विपदको बेलामा सबैभन्दा पहिला मानवीय क्षति हुन नदिन जलविद्युत आयोजनाका प्रबर्द्धकलाई आग्रह गरेको छ । त्यसका लागि सबै नदी करिडोरका माथिल्लो भागमा निर्माण भएका जलविद्युत आयोजनाले बाढी आएको देखिसकेपछि तल्लो तटीयक्षेत्रमा निर्माण भएका आयोजनालाई समयमै बाढीको सूचना दिन भनिएको छ । बाढीबाट हुने क्षति न्युनीकरणका लागि पूर्वतयारी गर्दा गर्दै पनि कहिँकतै मानवीय तथा भौतिक क्षति हुन गइहालेमा सोको जानकारी इप्पानमा गराइदिन पनि विज्ञप्तीमा भनिएको छ ।

यदि सञ्चालनमा रहेका आयोजना भए विद्युत प्राधिकरणलाई समेत सोको जानकारी गराई आयोजनाका गेटहरु बन्द गरी सुरक्षित स्थानमा जानका लागि सहकार्य गर्न पनि इप्पानले सबै जलविद्युत प्रबर्द्धकसँग आग्रह गरेको छ । बाढी आएको सूचना सबैभन्दा पहिला मौसम विज्ञान विभागका गेज स्टेशनमा बस्ने कर्मचारीलाई प्राप्त हुने हुँदा जलविद्युत आयोजनाका जिम्मेवार व्यक्तिले उनीहरुसँग समन्वय गरी नदी करिडोरमा बस्ने स्थानीय बासिन्दाको जीउधनको सुरक्षाको लागि स्थानीयस्तरमा सूचनाको आदानप्रदान गरिदिन पनि सबै जलविद्युत प्रबर्द्धकमा इप्पानले आग्रह गरेको छ ।

# वनकरियालाई स्थानान्तरण गर्ने तयारीमा सरकार



साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/भूमि समस्या समाधान आयोगले ३५ दिने सूचना जारी गर्दै दोस्रोपटक निवेदन पेश गर्न आह्वान गरेको छ । सोही अनुसार वनकरिया समुदायले पनि आफू बसेको भूमिको लालपूर्जा माग गर्दै आयोगमा निवेदन दिएको छ ।

मुसेधापस्थित बस्ती संरक्षित क्षेत्रभित्र पर्ने भएकाले आयोगले त्यहाँ लालपूर्जा वितरण गर्न नसक्ने स्पष्ट पारेको छ । आयोगकाअनुसार संरक्षित क्षेत्रलाई राज्यले विशेष व्यवस्थामा राख्ने भएकाले त्यहाँ स्वामित्व अधिकार दिन सम्भव नरहेको भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलले बताए । अध्यक्ष बलले सरकार समुदायलाई वैकल्पिक स्थानमा स्थानान्तरण गरी जग्गा उपलब्ध गराउने तयारीमा रहेको जानकारी दिए । तर, समुदायले आफू पुस्तौंदेखि बस्दै आएको ठाउँ नछोड्ने अडान लिएपछि समस्या थप पेचिलो बनेको छ ।

स्थानीय सन्तमाया वनकरियाका अनुसार उनीहरुले विगत दुई दशकदेखि सोही स्थानमा बसोवास गर्दै आएका छन् । पुस्तौंदेखि बस्दै आएको स्थान कुनैपनि हालतमा आफूहरु छोड्न तयार नभएको उनको भनाई छ । करिव तीन दशक अघिसम्म जंगलमै फिरन्ते जीवन बिताइरहेको वनकरिया समुदाय अहिले मकवानपुरको मनहरी गाउँपालिका-४ स्थित मुसेधाप ट्वांग्राखोलाको किनारमा बसोवास गर्दै आएको छ ।

नेपाल सरकारले २०६२ साल चैत २८ गते उनीहरुलाई कबुलियती वनको ९ हेक्टर जमिन २० वर्षका लागि उपयोग गर्न दिने कागजात प्रदान गरेको थियो । म्याद २०८२ चैत २८ गते सकिन लागेको अवस्थामा, समुदाय फेरि आफ्नै थलोबाट विस्थापित हुने डरले त्रसित बनेको छ ।

हाल मुसेधापस्थित वनकरिया बस्तीमा २४ घरधुरीमा ९३ जना बसोबास गरिरहेका छन् । वागमती प्रदेश सरकारको लगानीमा केही आवास निर्माण गरिए पनि समुदाय अझै पनि शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारीलगायतका आधारभूत सुविधाबाट वञ्चित छ । यहाँका आधा दर्जन बालबालिकाले एसईई उत्तीर्ण गरेका छन् । बीचमै पढाइ छाड्ने, कम उमेरमा काममा जाने र बालविवाह हुनु समुदायको समस्याको रुपमा रहेको छ । नेपालका १० लोपोन्मुख जातिमध्ये पर्ने वनकरिया समुदायको जीवनस्तर उकास्न सरकारबाट केही प्रयास भएपनि तिनको प्रभावकारिता भने कमजोर देखिएको छ ।

सरकारबाट उनीहरुलाई सामाजिक सुरक्षाभत्ता दिइँदै आएको भएपनि समुदायका लागि लालपुर्जा र जीवनको आधार हुने रोजगारीको अवसर दिन सरकारले नसकेको देखिन्छ । सरकारले भूमिहीन र सुकुम्वासीका लागि कानूनी रुपमा प्रक्रिया अगाडि बढाइरहेको भएपनि संरक्षित क्षेत्रभित्र लालपूर्जा वितरण गर्ने कानूनी व्यवस्था नहुनु र समुदायले स्थानान्तरण अस्वीकार गर्नुले यो समस्या झनै जटिल बनाएको छ ।

# पहिलोपाइला शिशु स्याहार केन्द्रको किड्स समर क्याम्प



साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ पहिलोपाइला शिशु स्याहारकेन्द्र हेटौंडाको आयोजनामा फस्ट किड्स समर क्याम्प भएको छ । हेटौंडा एकेडेमीको सहयोग तथा रेडियो थाहासंचार मिडिया पार्टनरको रुपमा रहेको कार्यक्रम हेटौंडा-११, स्थित होटल स्मारकमा आयोजना गरिएको हो ।

समर क्याम्पमा जादुगर बलराम सरकारको लाइभ म्याजिक सो, स्थानीय कलाकार दिपेश श्रेष्ठको सांगीतिक प्रस्तुती, नृत्य, पेन्टिङ, मेहेन्ही, पौडी, सिल्पकलालगायत गतिविधि गरिएको थियो । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका कार्यालय प्रमुख बद्री बहादुर पाठकको प्रमुख आतिथ्यता एवम् पहिलोपाइलाका संचालक अंकिता सुमार्गीको सभाध्यक्षतामा भएको हो ।

हेटौंडा एकेडेमीका संचालक अरुणराज सुमार्गी, एकेडेमीका दिपेन्द्र पाठक, रेडियो थाहाका स्टेशन म्यानेजर गोकुल अधिकारीलगायतको सहभागिता रहेको थियो । समर क्याम्पमा पहिलोपाइलामा अध्ययनरत बालबालिका एवम् हेटौंडाका अन्य विद्यालयका समेत गरी ४ देखि ११ वर्ष उमेर समूहका बालबालिकाको सहभागिता रहेको थियो । यस्ताखाले कार्यक्रम आगामी दिनमा पनि आयोजना गरिने सुमार्गीले बताए ।

कार्यक्रममा भएका विभिन्न गतिविधिलाई अभिभावकको पहुँचसम्म पुऱ्याउनको लागि प्रयास गरिने र लाइभ फोटो प्रदर्शन गरेको उनको भनाई छ । हेटौंडा एकेडेमीमा रहेका स्वास्थ्यकर्मीले आवश्यक स्वास्थ्यसेवा उपलब्ध गराएको उनले बताए । कार्यक्रममा १ सय ५० बढी बालकालिका गीत, संगीत र नृत्यमा रमाएका थिए ।

# कोरा साइकल: नकर्मी उत्कृष्ट राइडर घोषित



साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/आठौं संस्करणको हेटौंडा कोरा-२०२५ साइकल च्यालेन्जमा रविकृष्ण नकर्मी उत्कृष्ट राइडर घोषित भएका छन् ।

हेटौंडा राइडर्स क्लबको आयोजनामा शनिबार कोरा च्यालेन्ज सम्पन्न भएको हो । कोरामा सहभागी ३ सय २५ जना साइकलिस्टमध्ये नकर्मी उत्कृष्ट राइडर घोषित भएका हुन् । कोरा राइडमा ४० जना महिला सहभागी थिए ।

शनिबार बिहान हेटौंडा-४ स्थित भुवनेश्वर महादेव मन्दिर परिसरबाट सुरु भएको साइकल यात्रा उपमहानगरका विभिन्न धार्मिक स्थलको परिक्रमा गरी बजारको बुद्धचोकमा समापन भएको हो ।

कोराको उद्घाटन मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले गरेका थिए । भुवनेश्वर महादेव मन्दिर बाट सुरु भएको साइकल यात्रा भुटनदेवी मन्दिर, हेटौंडा-२ स्थित जलेश्वर मन्दिर, हेटौंडा-५ स्थित रुद्रेश्वर मन्दिर हुँदै विभिन्न स्थानमा साइकलयात्रा तय गरिएको थियो । जलेश्वर महादेव मन्दिर परिसरमा खैँजेडी भजन समूहले साइकल यात्रीलाई स्वागत गरेका थिए । हेटौंडा-१५, भोर्लेस्थित आधारभूत विद्यालय परिसरमा खानाको कार्यक्रम रहेको थियो । वडा कार्यालयले नै खानाको व्यवस्थापन गरेको आयोजक क्लबले जनाएको छ ।

आधारभूत विद्यालय परिसरमा स्लो राइड प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा राजिप ठाकुर प्रथम, जतन रसाइली दोस्रो र रेनिस श्रेष्ठ तेस्रो भए । उनीहरुलाई लक्ष्मण साइकल स्टोर्सको सौजन्यमा क्रमश: हेल्मेट, ग्लोब्स र एलेन्की पुरस्कार स्वरुप प्रदान गरिएको थियो । कोरा राइडमा सहभागी २ जना ज्येष्ठ र एकजना कान्छा राइडरलाई निको अस्पतालले नि:शुल्क मुटु स्वास्थ्यपरीक्षण गराउने घोषणा गरेको छ ।

सन् २०१८ देखि आयोजना हुँदै आएको यो कार्यक्रमको उद्देश्य सहरलाई साइकलसँग जोड्नु र स्थानीय तीर्थस्थल र वस्तीहरुको पहिचान गराउनु रहेको क्लबका अध्यक्ष विकास ताम्राकारले बताएका छन् । जिल्ला बाहिरबाट चितवन, पर्सा, बारा, काठमाडौं लगायतबाट पनि सहभागी आएकोले हेटौंडाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा आयोजकको छ ।

# २ सय २६ औं गजलयात्रा तथा कृति विमर्श सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/गजल मञ्च मकवानपुरको आयोजनामा शनिबार २ सय २६ औं गजलयात्रा तथा कृति विमर्श कार्यक्रम भएको छ ।

चितवन निवासी साहित्यकार रामकृष्ण अनायसको गजलसंग्रह 'अनायस' बारे विमर्शसहित गजलयात्रा सम्पन्न भएको हो । गजलसंग्रहका बारेमा झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेल र गजल मञ्च चितवनका पूर्वअध्यक्ष रमेश प्रभातले प्रकाश पारेका थिए । गजल मञ्च चितवनले प्रकाशन गरेको अनायसको गजल संग्रहमा ७० वटा गजल समेटिएका छन् । अधिकांश चार शेर र कुनै पाँच शेरमा रचना गरिएको गजलसंग्रहमा जम्मा ३ सय ६ वटा शेरहरु रहेका छन् ।

यसअघि 'अनायसका पानाहरु' नामक इ-गजल संग्रह र 'धमिलिएका डोबहरु' नामका सवालजवाफ गजल संग्रह प्रकाशित भइसकेका छन् । उनको गजलसंग्रहमा प्रणयरसका साथै समसामयिक राजनीतिलाई कटाक्ष गरिएका छन् । यस्तै सामाजिक बेथितिबिरुद्ध खबरदारी र सुशासनका पक्षमा अभिमत प्रस्तुत गरिएका गजलहरु समेटिएको उनले बताए । कार्यक्रममा कृतिकार अनायससँगै मकवानपुरका ८ जना गजलकारले रचनावाचन गरेका थिए । गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष देवराज तिवारीको प्रमुख आतिथ्य तथा मञ्चका अध्यक्ष सन्जित श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बर्तौला, मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिना, गजल मञ्च चितवनका पूर्वअध्यक्षद्वय रमेश प्रभात, लेखराम सापकोटा, साहित्यकार रमेशमोहन अधिकारी, गजल मञ्च मकवानपुरका निवर्तमान अध्यक्ष केशव समर्पण, साहित्यप्रेमी तथा समावसेवी मुक्तिगोबिन्द वैद्यलगायत जिल्लाका साहित्यकारको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# जन्मदिनको अवसरमा विद्यालयलाई १४५ थान पुस्तक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ हेटौंडा उपमहानगरपालिका-१६ मा रहेको जनप्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले आफ्नो जन्मदिनको अवसर पारेर १४५ थान पुस्तक विद्यालयलाई सहयोग गरेका छन् ।



अघिल्ला वर्षहरुमा पनि पुस्तक हस्तान्तरण गर्दै आएका उनले जनप्रिय रिडर्स क्लब मातहत रहने गरी विद्यालयलाई यसवर्ष पनि पुस्तक सहयोग गरेका हुन् । जनप्रिय रिडर्स क्लबकी अध्यक्ष शिक्षा गौतमलाई पुस्तक हस्तान्तरण गर्दै चौलागाईँले जनप्रियले चालेको अभियानले विद्यार्थीको मानसिक क्षमतामा अभिवृद्धि हुनुका साथै पठन संस्कृतिले डिजिटल डिभाइसको अति प्रयोगलाई विस्थापन गर्ने, तार्किक क्षमतामा वृद्धि गर्दै वैयक्तिक विकासमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

१६ नम्बर वडासदस्य गुरुप्रसाद दाहाल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहनप्रसाद बस्ताकोटी, शिक्षक अभिभावक संघ अध्यक्ष गीताप्रसाद दुलाल, विभिन्न समितिका सदस्य तथा शिक्षककासाथ पुस्तक हस्तान्तरण गरिएको हो । अतिरिक्त विभाग संयोजक युक्तलाल विश्वकर्माले शुभकामना साथ पुस्तकले सूचना र ज्ञानगुन दिने अनि भविष्यको मार्गदर्शन गर्ने बताउँदै विद्यार्थीलाई धेरै सुन्न र थोरै अनि आवश्यक बोल्न सुझाव दिए ।

साहित्य तथा बौद्धिक विभाग संयोजक संप्रस पौडेलले पठन संस्कृतिको खास रुप नै कक्षाको लाइब्रेरी रहेकोले पुस्तक कक्षाकक्षामै रहने गरी उपहार प्राप्त हुनेक्रम बढ्दै गएको र यसले विद्यार्थीमा पढ्ने र त्यसबारे छलफल गर्ने आनिबानीको विकास भएको, निडर भएर बोल्ने क्षमताका साथै लेखनसीपमा सुधार हुँदै गएको बताए । विद्यालयका विभिन्न कक्षामा रहेको बुकऱ्याकमा पुस्तक राख्ने उद्देश्यले 'एक व्यक्ति, एक पुस्तक हस्तान्तरण कार्यक्रम' अन्तर्गत शिक्षक, अभिभावक, विद्यार्थी, साहित्यकार, साहित्यसेवीमार्फत् पुस्तक उपलब्ध भइरहेको बताइएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना